# द टाइम्स माध्यमिक विद्यालय

कक्षा ११

विषय : अनिवार्य नेपाली

नमुना प्रश्न पत्रहरू:

## क) समीक्षात्मक वा लामो उत्तर दिनुहोस् (पूर्णाङ्क- ८)

(१) "सांस्कृतिक रूपमा न्यायपूर्ण समाजले मात्र समतामूलक समाजको निर्माण गर्न सक्छ।" 'संस्कृतिको नयाँ यात्रा' निबन्धको आधारमा समीक्षात्मक प्रतिक्रिया लेख्नुहोस् ।

(२) योगमायाले सत्यनिष्ठा र समतामूलक समाजको स्थापनामा दिएको योगदानको चर्चा गर्नुहोस् ।

(३) तत्कालीन नेपाली समाजको अवस्था सुधार गर्नको लागि योगमायाले गरेका गरेका सङ्घर्ष एवम् योगदान कस्ता थिए? समीक्षात्मक उत्तर लेख्नुहोस् ।

(४) 'त्यो फेरि फर्कला' कथामा मानिसको मनमा उत्पन्न कस्ता खालको मनोदशालाई चित्रण गरेको छ ? समीक्षात्मक उत्तर लेख्नुहोस् ।

(५) नेपालको पर्यावरणले पर्यटनलाई कसरी सहयोग पुऱ्याएको छ ?

(६) 'गाउँको माया' कथामा नेपाली समाजको कस्तो अवस्थालाई चित्रण गरेको छ ?

(७) सानीको कस्तो खालको मानसिक अवस्थालाई 'त्यो फेरि फर्कला' कथामा देखाउन खोजिएको छ ?

(८) सामाज सुधारको अभियानमा योगमायाले के कस्ता समस्याहरू भोग्नुपऱ्यो ?

(९) 'गाउँको माया' कथामा आफ्नो गाउँप्रतिको माया कसरी अभिव्यक्त गरिएको छ ?

(१०) 'वीर पुर्खा' कवितामा नेपालीहरूको कस्तो वीरतालाई उल्लेख गरिएको छ ?

(११) पर्यापर्यटनका सम्भावना र आयाम निबन्धमा नेपालको आर्थिक विकासको सन्दर्भमा पर्यापर्यटनको महत्त्वलाई कसरी उल्लेख गरिएको छ ?

(१२) 'वीर पुर्खा' कवितामा नेपाली वीर पुर्खाको कस्तो वीरता एवम् योगदानलाई उल्लेख गरिएको छ ? कविताका आधारमा समीक्षात्मक उत्तर लेख्नुहोस् ।

(१३) लौ आयो ताजा खबर लघु नाटकले नेपाली समाजमा रहेको कस्तो समस्यालाई देखाउँदै समाधानको निम्ति कस्तो सन्देश दिएको छ ?

## ख) निबन्ध लेख्नुहोस् (पूर्णाङ्क -८)

(१) राष्ट्रप्रतिको मेरो कर्तव्य,

(२) अनलाइन शिक्षाको आवश्यकता र महत्त्व,

(३) युवावर्गमा बढ्दो मोबाइल फोनप्रतिको मोह,

(४) सम्पर्क भाषाको रूपमा नेपाली भाषा,

(५) भूमण्डलीकरणको असर,

(६) मेरो कल्पनाको देश नेपाल

७) वातावरण प्रदुषण

८) खेलकुदको महत्त्व

९) कृषिमा आधुनिकीकरण

(१०) एक्काइसौँ शताब्दीका नयाँ आयामहरू,

(११) दक्ष जनशक्तिको आवश्यकता

(१२) आध्यात्मिक चिन्तन,

(१३) मेरो जीवनको लक्ष्य,

(१४) युद्ध होइन शान्ति,

(१५) कृत्रिम बुद्धिमत्ता (आर्टिफिसियल इन्टेलिजेन्स)

## ग) प्रतिक्रियात्मक उत्तर लेख्नुहोस् (पूर्णाङ्क-४)

१) युवावर्गको विदेश जाने क्रमलाई रोकेर स्वदेशमा नै राख्नको लागि के गर्नुपर्ला ? १२५ शब्दसम्मको आफ्नो प्रतिक्रिया लेख्नुहोस् ।

(२) प्राकृतिक प्रकोपलाई कसरी नियन्त्रण गर्न सकिएला ? १२५ शब्दसम्ममा आफ्नो प्रतिक्रिया लेख्नुहोस्

(३) राजनीति भनेको पैसा कमाउने पेसा होइन जनताको अधिकार र स्वतन्त्रताको लागि गरिने समाजसेवा हो भन्ने मान्यता कसरी स्थापित गर्न सकिन्छ होला? आफ्नो प्रतिक्रिया दिनुहोस् |

(४) पछिल्लो समय विद्यार्थीहरू पढ्न भन्दा सामाजिक सञ्जाल एवम् स्मार्ट फोन चलाएर समय बिताउन थाले भन्ने अभिभावकको गुनासो बढ्दो छ । विद्यार्थीहरूलाई अन्य कुरा भन्दा पढाइलाई जोड दिने अवस्था सिर्जना गर्न के गर्नुपर्ला आफ्नो प्रतिक्रिया लेख्नुहोस् ।

(५) नेपालको हरेक क्षेत्रमा फैलिएको भ्रष्टाचारलाई हटाउन के गर्न सकिएला? १२५ शब्दसम्मको आफ्नो प्रतिक्रिया लेख्नुहोस् ।

## ग) तलका प्रश्नको उत्तर लेख्नुहोस् (अभिव्यक्ति खण्ड) (पूर्णाङ्क -४)

(१) विद्यालयबाट प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्न आफू उपयुक्त रहेको व्यहोरा उल्लेख गर्दै विद्यालयका प्राचार्यलाई पेस गरिने निवेदन तयार पार्नुहोस् ।

(२) नेपाल विद्युत प्राधिकरणले विद्युत आपूर्ति बन्द हुने सम्बन्धमा प्रकाशित गरिने सूचनाको नमुना तयार पार्नुहोस्।

(३) एसईई उत्तीर्ण भएपछि नयाँ विद्यालयमा भर्ना भएर पढ्न जाँदाको पहिलो दिनका सबै कुरा समेटेर एक दिनको दैनिकी तयार पार्नुहोस् ।

(४) आफ्नो विद्यालयको वार्षिकोत्सवको सन्दर्भमा आयोजित विविध कार्यक्रमलाई समेटी १५० शब्दसम्मको प्रतिवेदन लेख्नुहोस् ।

(५) कुनै संस्थालाई आवश्यक परेको लेखापाल पदको पदपूर्ति गर्नको लागि पत्रिकामा प्रकाशित गरिने विज्ञापनको नमुना तयार पार्नुहोस् ।

(६) शैक्षिक भ्रमण जानको लागि व्यवस्था गरिदिन अनुरोध गर्दै जनता माध्यमिक विद्यालयका प्राचार्यलाई विद्यार्थीले लेखेको निवेदनको नमुना तयार पार्नुहोस् ।

(७) 'बढ्दो सवारी दुर्घटना' शीर्षकमा १२५ शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

(८) राष्ट्रियस्तरको कविता प्रतियोगितामा सहभागी भएर प्रथम हुँदाको दिनका सबै कुरा समेटेर एक दिनको दैनिकी तयार पार्नुहोस् ।

(९) हालसालै बजारमा आएको जडीबुटी युक्त चियाको प्रचारप्रसारको निम्ति पत्रिकामा प्रकाशित गरिने विज्ञापनको नमुना तयार पार्नुहोस्।

(१०) आफ्नो टोलको विद्युत लाइन केही दिनदेखि बिग्रेको हुनाले यथाशीघ्र मर्मत गर्नको लागि अनुरोध गर्दै नजिकैको नेपाल विद्युत प्राधिकरणलाई पेस गरिने निवेदनको नमुना तयार पार्नुहोस् ।

(११) आफ्नो विद्यालयमा आयोजित कविता प्रतियोगिता कार्यक्रमका मुख्य मुख्य विवरणहरू समेटी १५० शब्दसम्मको एउटा प्रतिवेदन लेख्नुहोस् ।

(१२) 'बढ्दो वातावरण प्रदुषण' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

(१३) तपाईंको विद्यालयले आयोजना गरेको वार्षिक कार्यक्रममा अभिभावकलाई बोलाउने किसिमको निमन्त्रणा पत्रको नमुना तयार पार्नुहोस् ।

(१४) 'बढ्दो सहरीकरण र शुद्ध खानेपानीको समस्या' शीर्षकमा १२५ शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

(१५) 'महिलामाथि हुने दुर्व्यवहार' शीर्षकमा १२५ शब्दसम्मको वक्तृता तयार पर्नुहोस् ।

१६) पुस्तक विमोचन कार्यक्रमको लागि तयार पारिएको निमन्त्रणा पत्रको नमुना तयार पार्नुहोस् ।

१७) नेपालको अर्थतन्त्र सुधार्न अपनाउनुपर्ने उपायहरूको बारेमा सल्लाहा दिँदै राष्ट्रिय योजना आयोगको उपाध्यक्षलाई पत्र लेख्नुहोस् ।

१८) आफ्नो विद्यालयले आयोजना गरेको हाजिरीजवाफ प्रतियोगिताको विविध कार्यक्रमलाई समेटी एउटा प्रतिवेदन लेख्नुहोस् ।

१९) 'नेपालको पानी आम्दानीको खानी' शीर्षकमा १५० शब्दसम्मको वक्तृत्ता तयार पार्नुहोस् ।